सम्पर्क नं.०२५-५४३०३०

स्थानीय सरकार

# दुहबी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा,युवा तथा खेलकुद शाखा

दुहबी, सुनसरी

कोशी प्रदेश, नेपाल

प.सं.-२०८२/०८३

च.नं.- २४२२

मिति २०८२/१२/१७

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै

दुहबी नगरपालिका सुनसरी ।

विषयः निर्देशन दिइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाई, सुनसरीको च.नं. ९४९, मिति २०८२/१२/१५ को प्राप्त पत्र तथा यस कार्यालयमा प्राप्त जनगुनासो अनुसार केही सामुदायिक तथा संस्थागत विद्यालयहरूले विद्यालय हाताभित्रैबाट पाठ्यपुस्तक, अभ्यास पुस्तिका र प्रश्नपत्र सँगालो लगायतका शैक्षिक सामग्रीहरू बिक्री वितरण गरिरहेको भन्ने सूचना प्राप्त भएको हुँदा **प्रचलित शिक्षा नियमावली तथा संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका** विपरित विद्यालय हाताभित्र व्यावसायिक रूपमा शैक्षिक सामग्रीको कारोबार गर्नु गैरकानुनी हुने भएकोले यस नगरपालिका क्षेत्रभित्रका कुनै पनि विद्यालयले विद्यालय परिसरबाट पाठ्यपुस्तक तथा शैक्षिक सामग्री बिक्री वितरण नगर्न/नगराउनु हुन र यस्ता शैक्षिक सामग्रीहरु खरिद गर्न कुनै पनि अभिभावक तथा विद्यार्थीलाई कुनै निश्चित पुस्तक पसल, वितरण केन्द्र वा वितरकबाट मात्र खरिद गर्नुपर्ने बाध्यकारी शर्त नराख्नु हुन यो निर्देशन जारी गरिएको छ। साथैयस निर्देशनविपरितका गतिविधि गरेको पाइएमा नियमानुसार कारबाही भई जाने व्यहोरा समेत जानकारी गराइन्छ।

**सुवर्ण घिमिरे**

**प्रमुख प्रशासकीय अधिकृत**

"दुहवी नगरपालिका विकासको आधार कृषि, उद्योग, प्रविधि, पर्यटन, खेलकुद र व्यापार"

website: WWW.duhabimun.gov.nop E-mail:, info